# सानीभेरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सिम्ली, रुकुम(पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

**बोलपत्र आह्वानको सूचना**

**सूचना नं.०१।०७४।०७५ प्रथम प्रटक प्रकाशित मिति :२०७५।०१।२७**

यस गाउँपालिकाको चालु आ.वं. २०७४/०७५ मा बोलपत्रको माध्यमबाट विद्यार्थिहरुलाई पोषाक खरिद गर्नुपर्ने भएको हुँदा ईच्छुक योग्यता पुगेका इजाजत प्राप्त उत्पादन कम्पनि वा आपूर्तिकर्ताबाट निम्न शर्तको अधिनमा रही सिलबन्दी बोलपत्र आह्वान गरिन्छ ।

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन भित्र यस सानीभेरी गाउँकार्यपालिकाको कार्यालय, सिम्ली रुकुम (पश्चिम) बाट प्रत्येक बोलपत्र फारमका लागि तपशिलमा उल्लेखित बोलपत्र दस्तुर बुझाई (पछि फिर्ता नहुने गरी) बोलपत्र खरिद गर्ने निवेदनका साथ चालु आ.व.को नविकरण गरिएको व्यवसायी दर्ता इजाजत पत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, मूल्य अभिबृद्धि करको दर्ता प्रमाणपत्र तथा आ.व.२०७३।७४ सम्मको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गरी बैक दाखिला वा यस कार्यालयबाट नगदी रसिद कटाई बोलपत्र खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएका बोलपत्र फारमको BOQ का पानाहरुको महलमा भर्नुपर्ने विवरण स्पष्ट रुपमा भरी बोलपत्र फारमको प्रत्येक पानामा सहीछाप गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र यस कार्यालयको नाममा सम्बोधन गरी ठेक्का कामको विवरण, बोलपत्रदाताको नाम, ठेगाना र फोन नं.समेत खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप गरीएको खाम सानीभेरी गाउँकार्यपालिकाको कार्यालयमा दर्ता गराउनुपर्नेछ ।

३. दर्ता भएका बोलपत्रहरु सोही दिन(३१ औं दिन) को २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा सानीभेरी गाउँकार्यपालिकाको कार्यालयमा खोलिनेछ तर बोलपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

४. बोलपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५. बोलपत्र फारमसाथ जमानत वापतको तपशिलमा उल्लेखित रकम नेपाल बैंक लिमिटेड रुकुम (पश्चिम) शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं.०७७०३०००००००००३००००१५ मा नगद जम्मा गरेको सक्कलै भौचर वा मान्यताप्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको, बोलपत्र पेश गर्ने अन्तिम मितिबाट १२० दिन म्याद भएको जमानीपत्र बोलपत्रसाथ पेश गर्नुपर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर वा जमानीपत्र यो सूचना प्रकाशित भएपछिकोलाई मान्यता दिइनेछ ।

६. बोलपत्रदाताले बोलपत्र दररेट भन्दा मूल्य अभिबृद्धि कर वाहेको दररेट उल्लेख गर्नुपर्नेछ । बोलपत्रमा आइटम वाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षर विच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ । केरमेट भएको ठाँउमा बोलपत्रदाताको सहिछाप भएको हुनुपर्नेछ ।

७. बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धीत पेशा वा व्यवसाय सम्बन्धी कसुरमा कुनै सजाय नपाएको भनि लिखित रुपमा घोषण गरेको कागजात सिलबन्दी बोलपत्रसाथ पेश गर्नुपर्नेछ

८. बोलपत्र पेश गर्दा उपलब्ध हुने सामानको नमूना पेश गरेको हुनुपर्नेछ ।

९. बोलपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालय वा मोवाइल नं.९८५७८२४२५३,९८४९१०६१९२ मा सम्पर्क गर्न सकिनेछ ।

१०. म्याद नाधि आएको, रीत नपुगेको र शर्त राखिएको बोलपत्र माथि कुनै कारवाही हुनेछैन ।

११. एक फर्मको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

१२. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण रुपमा वा आंशिक रुपम बोलपत्र स्वीकृत गर्ने वा रद्ध गर्ने अधिकार सानीभेरी गाउँ कार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।

१३. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली,२०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

तपशिल

| सि.न. | ठेक्का नं. | सामानको विवरण | धरौटी रकम | दरभाउपत्र खरिद दस्तुर |
|---|---|---|---|---|
| १ | ०१/०७४/०७५ | विद्यार्थीका लागि पोशाक | ११००००।०० | ३०००।०० |

०७५।०१।२६

भुपालसिं विष्ट
नि.प्रमुख प्रशासकिय अधिकृत

नि.प्रमुख प्रशासकिय अधिकृत